आज मिति २०७८ साल श्रावण महिनाको २९ गते शुक्रवारको दिन विहान १०:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री वाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री सुरेन्द्र सिंह | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | — | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | — | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |

## मिति : २०७८।०४।०३ गतेको नगर कार्यपालिकाको वैठकको प्रस्तावहरु

१. रकम भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमहरुको विवरण सम्वन्धमा ।

२. रकम भुक्तानी बाँकी करको रकम विवरण सम्वन्धमा ।

३. [illegible] लिने सम्वन्धी सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

४. प्राथमिक स्वास्थ्य केन्द्र दल्लीको रिक्त रहेको अ.न.मी. पदमा निरन्तरता दिने सम्वन्धमा ।

५. यान्त्रिक उपकरण सञ्चालन सम्वन्धी कार्यविधि, २०७६ संसोधन सम्वन्धमा ।

६. जिल्ला दररेट लागु गर्ने सम्वन्धमा ।

७. नेपाल स्वास्थ्य सेवाका चौथौ तहको पदमा हाजिरी तथा जिम्मेवारी सम्वन्धमा ।

८. झोलुङ्गे पुलको माग गर्ने सम्वन्धमा ।

९. नलगाड नगरपालिकाको सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ को मस्यौदा समिति गठन सम्वन्धमा ।

## मिति : २०७८।०४।०३ गतेको नगर कार्यपालिकाको वैठकको निर्णयहरु

निर्णय नं. १: यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा विविध कारणले भुक्तानी हुन नसकेको तपसिलमा उल्लेखित (चालुगत र पुजीगत) शीर्षकको रु. १५,१३,५६४।० अक्षरुपी पन्ध लाख तेह्र हजार पाँचसय चौसठ्ठी मात्र दायित्व सिर्जना भएको रकम आर्थिक वर्ष २०७८।७९ बाट भुक्तानी गर्ने गरी भुक्तानी दिन बाँकी विवरण स्वीकृत गर्ने सर्वसम्मत निर्णयहरु गरियो ।

तपसिल

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम रु. | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|
| १ | जुरेली खानेपानी योजना नलगाड न.पा. १ जाजरकोट | जुरेली खानेपानी निर्माण उ.स. | ५,००,०००।० | आर्थिक वर्षको अन्त्यमा बजेट रकम अपुग भएको |
| २ | रुपखोला ट्रसपुल निर्माण नलगाड न.पा. १३ जाजरकोट | रुपगाड ट्रसपुल निर्माण उ.स. | २,००,०००।० | आर्थिक वर्षको अन्त्यमा बजेट रकम अपुग भएको |
| ३ | दानीपीपल देखि बफेलगाउँसम्म सडक मर्मत योजना वडा नं. ७ | दानीपीपल बफेलगाउँ सम्म सडक मर्मत उ. स. | २,२०,०००।० | आर्थिक वर्षको अन्त्यमा बजेट रकम अपुग भएको |
| ४ | कार्यालय व्यवस्थापन खर्च | तप्त बहादुर चनारा | ४९२५०।० | चेक साट्न बाँकी |
| ५ | सूचना तथा पत्रपत्रिका | रियान्स मिडिया प्रा.लि. | ३१५२०।० | चेक साट्न बाँकी |
| ६ | कार्यक्रम खर्च | नेपाल नगरपालिका संघ | ७५०००।० | चेक साट्न बाँकी |

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

| | | | | |
|---|---|---|---|---|
| [illegible] | सूचना तथा पत्रपत्रिका | सञ्चार सेवा प्राईभेट प्रा.लि. | १९,२०७।० | चेक साट्न बाँकी |
| [illegible] | तलबभत्ता | मदन गिरी | १०,०००।० | भुलचुक कारण |
| [illegible] | अन्य खर्च | सुरेन्द्र सिंह | ३५०००।० | आर्थिक वर्षको अन्त्यमा बजेट रकम अपुग भएको |
| [illegible] | इन्धन खर्च | एरी आयल स्टोर्स सल्लीवजार | ७३५८७।० | चेक साट्न बाँकी |
| [illegible] | कोभिड प्रोत्साहन भत्ता | विभिन्न स्वास्थ्यकर्मी तथा कर्मचारीहरु | ३००,०००।० | आर्थिक वर्षको अन्त्यमा बजेट रकम अपुग भएको |
| जम्मा भुक्तानी बाँकी रकम रु. | | | १५,१३,५६४।० | |

निर्णय नं. २: यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा विविध कारणले भुक्तानी हुन नसकेको चालुगत र पुंजीगत खर्च शीर्षकबाट नेपाल सरकार तथा स्थानीय तहको कोषमा दाखिला गर्नुपर्ने भुक्तानी दिन बाँकीको विवरणमा उल्लेखित विभिन्न करका रकम रु. ३५,५०,२९५।० आर्थिक वर्ष २०७८।०७९ बजेटवाट भुक्तानी गर्ने गरी भुक्तानी दिन बाँकी विवरण रकमहरु स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३: नलगाड नगर कार्यपालिकाको कार्यालय अर्न्तगतको आधारभुत स्वास्थ्य शाखाको लागि नलगाड नगरपालिका वडा नं. ७ को दल्ली क्षेत्रभित्र सुविधा सम्पन्न घर सार्वजनिक खरिद ऐन, २०६३ तथा नलगाड नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ बमोजिम सूचना प्रकाशन गरी भाडामा लिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ४: नलगाड नगर कार्यपालिकाको कार्यालय अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा रिक्त रहेको अ.न.मी. पदमा कर्णाली प्रदेश सरकारबाट करार सेवामा नियुक्त भई आउनु भएका अ.न.मी.श्री करिस्मा शाहलाई मिति २०७८।०५।०१ देखि कामकाज गर्ने गरी करार सेवामा निरन्तरता दिने निजको तलबभत्ता सङ्घीय सरकारको शसर्त अनुदानबाट भुक्तानी दिन नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ५: नलगाड नगरपालिकाको यान्त्रिक उपकरण सञ्चालन सम्वन्धी कार्यविधि, २०७५ को अनुसूची -४ (प्रथम पटक) संसोधन सहित स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ६: नलगाड नगरपालिकाको स्थानीय दररेट विविध कारणबस निर्धारण नभएको हुदाँ नलगाड नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७८।७९ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरु सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) को नियम १४८ को उपनियम (१)

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

बमोजिम जाजरकोट जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित दररेट निर्धारण समितिले निर्धारण गरेको जिल्ला दररेटलाई नै आधार बनाई कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ७: स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार नलगाड नगर कार्यपालिकाको कार्यालयमा समायोजन भएका स्वास्थ्यकर्मीहरुलाई यस नगरपालिका अन्तर्गतका रिक्त रहेका स्वास्थ्य संस्थाहरुमा मिल्दो पद तथा सेवा समुहमा हाजिरी गराई जिम्मेवारी दिन नलगाड नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८: यस नलगाड नगरपालिकाबाट आ.व. २०७७।७८ मा विविध कारणले वडा नं. ४ र वडा नं. २ जोड्ने गाँडेखोलामा झोलुंगे पुल निर्माण हुन नसकेको हुदाँ उक्त पुलको स्थान परिवर्तन गरी पुल निर्माणको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९: नलगाड नगरपालिकामा भित्र कृषि क्षेत्रलाई व्यवस्थित तथा कृषि प्रसार सेवा केन्द्रको स्थापना तथा सञ्चालन गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम ३ सदस्यीय नलगाड नगरपालिकाको सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ मस्यौदा निर्माण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १. श्री सुरेन्द्र सिंह (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| २. श्री भेषजंग शाह (पशुपंक्षी विकास शाखा प्रमुख) | सदस्य |
| ३. श्री बालकृष्ण आचार्य (कृषि विकास शाखा प्रमुख) | सदस्य सचिव |

नि. प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

## मिति : २०७८।०४।२९ गतेको नगर कार्यपालिकाको वैठकको प्रस्तावहरु

१. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ को आयोजना स्वीकृत गर्ने सम्वन्धमा ।

२. झोलुंगे पुल माग गर्ने सम्वन्धमा ।

३. सडक निर्माणमा सह लगानी सम्वन्धमा ।

४. [illegible] अ.न.मी.पदको करार सेवामा विज्ञापन गर्ने सम्वन्धमा ।

५. कार्यालय सहयोगी पदमा विज्ञापन गर्ने सम्वन्धमा ।

६. असिस्टेन्ट ल्याव टेक्निसियन पदमा विज्ञापन गर्ने सम्वन्धमा ।

७. सेपुखोला सिर्के झोलुंगे पुलको मर्मतको लागि बजेट माग गर्ने सम्वन्धमा ।

८. इन्धन उपलव्ध गराउने सम्वन्धमा । .

९. नलगाड नगरपालिकाको सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ पारित सम्वन्धमा ।

## मिति : २०७८।०४।२९ गतेको नगर कार्यपालिकाको वैठकको निर्णयहरु

निर्णय नं. १: नेपाल सरकारको सशर्त अनुदान वापत प्राप्त नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ (NCCSP–2) र नलगाड नगरपालिकाको साझेदारीमा नलगाड नगरक्षेत्र भित्र कार्यान्वयन हुने गरी छनौट गरिएका योजनाहरुमा तपसिल बमोजिम बजेट नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७८ बमोजिम छनौट गरी कार्यान्वयनमा स्वीकृति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.सं. | कार्यक्रम /आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन रु. | श्रोत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | वित्तीय हस्तान्तरण | | | |
| | | | | NCCSP-२ | प्रदेश सरकार | स्थानीय तह | |
| १ | जलवायु परिवर्तन अनूकूलन तथा उत्थानशिल योजनाहरु | | २२७५०००० | १९१००००० | ० | ३६५०००० | |
| १.१ | बैसीखोर हूँदै सिमखेत रानीखेत सिंचाई तथा कृषि योजना प्याकिन पर्खाल निर्माण सहित | वडा नं. ४ | ३०००००० | २५००००० | ० | ५००००० | क्रमागत |
| १.२ | बुलेली खानेपानी आयोजना निर्माण योजना निर्माण | वडा नं. १ | ५५००००० | ४७००००० | ० | ८००००० | क्रमागत |
| १.३ | जगुखोला आव्राघाट सिंचाई तथा कृषि योजना | वडा नं. १२ | ३५००००० | ३०००००० | ० | ५००००० | क्रमागत |
| १.४ | तिर्पतिले मुहान संरक्षण गरी आँल सिंचाई तथा कृषि व्यवस्थापन योजना | वडा नं. ४ | ४७५०००० | ३९००००० | ० | ८५०००० | |

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
( नगर प्रमुख )

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.५ | भेरी नदी तटवन्धन योजना चैँखा | वडा नं. ११ | ४५००००० | ४०००००० | ० | ५००००० | |
| १.६ | जलवायु परिवर्तन सम्वन्धी सचेतना कार्यक्रम | वडा नं. १ देखि १३ | १५००००० | १०००००० | ० | ५००००० | |
| | जम्मा योजना तथा कार्यक्रम खर्च बजेट रु. | | २२७५०००० | १९१००००० | ० | ३६५०००० | |
| २. | सेवा करार कर्मचारी | | ७००००० | ६००००० | ० | १००००० | |
| २.१ | सब-ईन्जिनियर कर्मचारी तलव, भ्रमण तथा स्थानीय भत्ता | नगरपालिका | ६००००० | ६००००० | ० | ० | |
| २.२ | सञ्चार, सवारी मर्मत तथा ईन्धन खर्च | नगरपालिका | १००००० | ० | ० | १००००० | |
| ३. | समिक्षा खर्च | नगरपालिका | २००००० | ० | ० | २००००० | |
| ४. | प्राविधिक उपकरण (कार्यालय तथा मसलन्द खर्च) | नगरपालिका | ५०००० | ० | ० | ५०००० | |
| | कूल जम्मा बजेट रु. | | २३७००००० | १९७००००० | ० | ४०००००० | |

निर्णय नं. २: नलगाड नगरपालिकाको तपसिलको स्थानहरुमा तपसिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी झोलुंगे पुलहरु निर्माणको लागि सम्वन्धित निकायहरुमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. रजिक झोलुंगे पुल निर्माण योजना, नलगाड न.पा. वडा नं. १०

२. हारेकाफल झोलुंगे पुल निर्माण योजना, नलगाड न.पा. वडा नं. ५

३. सांटा कट्के जोड्ने झुम्रखोला झोलुंगे पुल निर्माण योजना, नलगाड न.पा. वडा नं. ३

४. माजाखोला झोलुंगे पुल निर्माण योजना, नलगाड न.पा. वडा नं. ९

५. कालापानी भौज जोड्ने ट्रस पुल निर्माण योजना, नलगाड न.पा. वडा नं. १३

६. दहखोला झोलुंगे पुल निर्माण योजना, नलगाड न.पा. वडा नं. ११

७. ठुलावगर झोलुंगे पुल निर्माण योजना, नलगाड न.पा. वडा नं. १

८. भेरी नदीमा मालुवातरा गाँडा झोलुंगे पुल निर्माण योजना, नलगाड न.पा. वडा नं. ८

निर्णय नं. ३: नलगाड नगरपालिका वडा नं. १ को वैरिताल देखि चिउरीसम्मको सडक स्तरोन्नति कृषि क्षेत्र विकास कार्यक्रम र नलगाड नगरपालिकाको साझेदारीमा निर्माण सम्पन्न गर्नुपर्ने भएको हुदाँ उक्त सडक निर्माणको सहलगानीको लागि रु. १५,००,०००।० अक्षरुपी पन्ध्र लाख विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

निर्णय नं. ४: नलगाड नगरक्षेत्रका बासिन्दाहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुँच पुर्‍याई सरल, सहज तथा प्रभावकारी रुपले स्थानीय स्तरमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन, स्वास्थ्य सम्वन्धी परामर्श सेवा उपलब्ध गराउन नलगाड नगरपालिका अर्न्तगत आधारभुत स्वास्थ्य सेवा केन्द्र नलगाड न.पा. ९, स्वास्थ्य चौकी भगवती नलगाड न.पा. १२ र सामुदायिक स्वास्थ्य एकाई नलगाड न.पा. ३ कट्के कामकाज गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) बमोजिम तीन जना अ.न.मी. पदमा सेवा करारमा नियुक्ति गरी राजश्व बाँडफाँटको रकमबाट तपसिल बमोजिम सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स. | सुविधाको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मासिक तलव स्केल | १८,०००।० | |

निर्णय नं. ५: नलगाड नगरक्षेत्रका बासिन्दाहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुँच पुर्‍याई सरल, सहज तथा प्रभावकारी रुपले स्थानीय स्तरमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन, मातृशिशु कार्यक्रमलाई प्रवर्द्धन गर्नको लागि नलगाड नगरपालिका अर्न्तगत स्वास्थ्य चौकी नलगाड कैना न.पा. ३, स्वास्थ्य चौकी लहँ, नलगाड न.पा. ४, स्वास्थ्य चौकी रगदा, नलगाड न.पा. ११ र स्वास्थ्य चौकी भगवती नलगाड न.पा. १२ मा कामकाज गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम चार जना कार्यालय सहयोगी (महिला) पदमा सेवा करारमा नियुक्ति गरी राजश्व बाँडफाँटको रकमबाट मासिक कर सहित रु. ७५००।० अक्षरुपी सात हजार पाँचसय मात्र सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ६: नलगाड नगरक्षेत्रका बासिन्दाहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुँच पुर्‍याई सरल, सहज तथा प्रभावकारी रुपले स्थानीय स्तरमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन नलगाड नगरपालिका वडा नं. ११ मा स्थापना गरिएको प्रयोगशालामा कामकाज गर्ने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम एक जना ल्याव असिस्टेन्ट पदमा सेवा करारमा नियुक्ति गरी राजश्व बाँडफाँटको रकमबाट मासिक कर सहित रु. १८०००।० अक्षरुपी अठार हजार मात्र सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर रावल
(नगर प्रमुख)

निर्णय नं. ७: नलगाड नगरपालिका वडा नं. ५ को सिर्के र वारेकोट गाउँपालिकाको लैकम जोड्ने झोलुंगे पुल मर्मतको लागि बजेट आवश्यक परेकोले सम्वन्धित निकायमा बजेट मागको लागि पठाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८: नलगाड नगरपालिका क्षेत्रभित्रको समग्र शान्ति सुरक्षा, विपद व्यवस्थापन लगायतको कार्यमा सहजीकरण गर्नको लागि नलगाड नगरपालिका वडा नं. ७ को ई.प्र.का दल्ली, वडा नं. ८ को प्रहरी पोष्ट मैदे र वडा नं. ११ को ई.प्र.का. रग्दालाई मासिक क्रमशः २० लिटर, ७ लिटर र १० लिटरको दरले ईन्धन उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९: नलगाड नगरपालिकामा भित्र समग्र कृषि क्षेत्रलाई व्यवस्थित, प्रभावकारी बनाउन तथा कृषि प्रसार सेवा केन्द्रको स्थापना तथा सञ्चालनको लागि कानुनी आधार प्रदान गर्न **नलगाड नगरपालिकाको सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७८** व्यापक छलफल गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

टेक बहादुर रावल
(नगर प्रमुख)

नि.प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७८ साल श्रावण महिनाको ०३ गते आईतवारको दिन विहान ८:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री टेक बहादुर रावलज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री सुरेन्द्र सिंह | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | — | |
| १७. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | — | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | — | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |